नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

आज मिति २०८१ भाद्र ३० गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री शरतसिंह भण्डारीसँग नेपालका लागि रोमानीयाका राजदुत श्री Daniela SEZONOV-TANE ले शिष्टाचार भेटवार्ता गर्नु भएको छ।

भेटवार्ताका क्रममा नेपाल र रोमानीय बीच भएको द्विपक्षीय श्रम सम्झौताको कार्यान्वयन, ठगी नियन्त्रण र मागपत्र प्रमाणीकरणमा देखा परेका चुनौतिहरुलाई समाधान गर्न निकट भविष्यमा दुबै सरकारको संयुक्त प्राविधिक समितिको बैठक आयोजना गर्ने लगायत दुबै देशमा कुटनीतिक नियोग खोल्ने सम्बन्धमा छलफल भएको थियो। राजदुत श्री SEZONOV-TANE ले जनवरी २०२४ देखि हाल सम्म करिब १९ हजार बढी नेपालीहरुलाई रोमानीयाले श्रम भिषा जारी गरेको जानकारी दिनु हुँदै औपचारिक तवरबाट नेपाली श्रमिक रोमानीयामा पठाउन आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो। माननीय मन्त्री भण्डारीले युरोपमा आप्रवासी श्रमिकको मानव अधिकार सुनिश्चित हुने भएकोले रोमानीयामा नेपाली श्रमिक पठाउने सन्दर्भमा नेपाल र रोमानीया बीच भएको Memorandum of Understanding कार्यान्वयनका लागि Protocol निर्माण गर्ने, मागपत्र प्रमाणीकरणलाई सरलीकृत गर्ने लगायतका विषयलाई आगामी संयुक्त प्राविधिक समितिबाट टुङ्गो लगाइने जानकारी दिनु भयो।

मिति २०८१ भाद्र ३० आइतबार

२०८१।०५।३०

कविराज उप्रेती
सहायक प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६०0१५०००५, श्रम कल सेन्टर फोन:- ११४१
ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np